# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मिति :-


सूचना नं. ५६

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धि सूचना !**

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०१/१३)*

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पद खुल्ला प्रतिस्पर्धा बाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | पद संख्या |
|---|---|---|---|---|
| १ | ०६-०८०।८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ | १ जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

- सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको,
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- आधारभूत कम्प्यूटर सिप सम्बन्धि कम्तिमा तीन महिना तालिम लिएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई ग्राहयता दिईनेछ ।

**२. दरखास्त दिने अन्तिम मिति :** २०८१।०१।२७ गते साँझ ५:०० बजे सम्म, (कार्यालय तथा कार्यालयको ईमेल bihadi.ruralmun@gmail.com मार्फत) आवेदन पेश गर्न सकिनेछ ।

**३. आवेदन दस्तुर** : रु ५००/- (अक्षेरुपी पाँच सय रुपैयाँ)
(आवेदन दस्तुर विहादी गाउँपालिकामा राजश्व बुझाएको रसिद अथवा प्रभू बैंक विहादी शाखाको GA-1.1 BIHADI GA. PA. ANTARIK RAJASWO KHATA 1460114984600041 राजश्व संकेत नं. **14224**, कार्यालय कोड : **801044207** मा जम्मा गरेको भौचर संलग्न गर्नु पर्नेछ ।)

**४. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा

**५. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु :

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम योग्ताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि,
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
- तालिमको प्रमाणपत्रको प्रतिलिपि,
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

**६. सेवा सुविधा तथा अन्य** : स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।
(आवेदनको ढाँचा, रोजगार सहायक र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धि अन्य विस्तृत जानकारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाईट www.pmep.gov.np तथा आवेदन फाराम यस गाउँपालिकाको वेवसाईट https://www.bihadimun.gov.np/Abedan_Farm बाट प्राप्त गर्न सकिनेछ ।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत